PL Regd No. : 1208/066/067
PAN No. : 304236091

# SANJEN JALAVIDHYUT COMPANY LIMITED
# सान्जेन जलविद्युत कम्पनी लिमिटेड

Kapanmarg, Maharajgunj, Kathmandu

Ref. No.: २०७८/०७९-२६९

मिति २०७८।०८।१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिहदरवार काठमाण्डौं।

विषय : जानकारी सम्बन्धमा ।

यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७८।०८।१८ गते शनिबार दिउसो २.०० बजे बसेको २२७ औ बैठकबाट कम्पनीको ११ औं साधारण सभा गर्ने विषयका सम्बन्धमा निम्नानुसार निर्णय भएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

**<u>साधारणसभा बोलाउने मिति स्थान र समय :</u>**

मिति : २०७८ पौष १३ मंगलवार ( तदनुसार ई .सं. २८ डिसेम्वर २०२१)

स्थान : स्मार्ट क्याफे , धुम्बाराही ,काठमाण्डौ ।

समय : विहान ११:०० बजे ।

शेयर दाखिला खारेज मिति :२०७८ पुष ५ गते देखि २०७८ पुष १३ गते सम्म ।

बोनस शेयर । नगद लाभांस प्रतिशत : प्रस्ताव नगरिएको ।

**<u>साधारण सभामा छलफल गरिने विषयहरुको सूची :</u>**

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आ.व. २०७७।७८ को वार्षिक प्रतिवेदनको प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ अषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७।७८ को नाफा ।नोक्सान हिसाव , नगद प्रवाह विवरण तथा सम्वद्ध अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(ग ) कम्पनीको आ.व. २०७८।७९ को हिसाव किताव लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(घ) विशेष प्रस्ताव: कम्पनीको नेटवर्थ भन्दा बढी हुने गरी दिर्घकालिन ऋण लिन र उपयोग गर्ने स्वीकृती अख्तियारी सम्बन्धमा ।

(ङ) विविध ।

बोधार्थ :

१) श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर , काठमाण्डौ ।

..................

(घनश्याम श्रेष्ठ)

कम्पनी सचिव

**CORPORATE OFFICE**
Kapanmarg-03, Maharagunj
Kathmandu, Nepal

**SITE OFFICE**
Sanjen Hydroelectric Project, Thambuchet, Rasuwa
Sanjan (Upper) Hydroelectric Project, Tetanchef Rasuwa

P.O. Box No. : 12667
Email: sanjenhcl@gmail.com
Website: www.sjcl.com.np

Phone No. : 977-1-4374275
Fax : 977-1-4375319

# सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको
# ११ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७८/८/१८ मा बसेको सञ्चालक समितिको २२७.औं बैठकको निर्णय अनुसार यस कम्पनीको ११ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गरिएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस ( COVID-19) नेपालमा पनि महामारीको नयाँ भेरियन्ट समेत फैलिन सक्ने अवस्था रहेको परिप्रेक्षमा नेपाल सरकारले जारी गरेका सुरक्षा मापदण्डहरुको समेत पूर्ण पालना गरी सभा संचालन गर्नुपर्ने अवस्था भएकोले यस्तो परिस्थितिलाई मध्यनजर गरी साधारण सभामा उपस्थित हुन तथा भाग लिनको लागि बिद्युतिय माध्यम (भर्चुअल - Google Meet) बाट समेत सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा बिद्युतिय माध्यमबाट उपस्थित भई सभामा भाग लिई दिनु हुन पनि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :** (Virtual- Google meet/Online **मार्फत समेत सञ्चालन गरिने ।)**

मिति : २०७८ साल पौष १३ गते मंगलवार (तद्अनुसार ई.सं. २०२१ डिसेम्वर २८)
समय : विहान ११:०० बजे ।
स्थान : साधारण सभा, स्मार्ट क्याफे, धुम्वाराही , काठमाडौंमा सञ्चालन हुनेछ ।

**(बिद्युतिय माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनीहरुलाई Meeting Id र Password उपलब्ध गराइनेछ)**

## साधारण सभामा छलफल गरिने विषयहरुको सुची

क) सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष्यद्धारा आ. व. २०७७।७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७७।७८ को नाफा । नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहितको आ.ब. २०७७।०७८ को आर्थिक बिवरण उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ. व. २०७८।७९ को हिसाव किताव लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(घ)बिशेष प्रस्ताव: कम्पनीको नेटवर्थ भन्दा बढी हुने गरी दिर्घकालिन ऋण लिन र उपयोग गर्ने स्वीकृती अख्तियारी सम्वन्धमा ।

ङ) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को नयाँ भेरियन्ट नेपालमा पनि महाँमारीको रुपमा फैलिन सक्ने अवस्था रहेको र यसको रोकथाम र नियन्त्रण गर्ने प्रयोजनको लागि नेपाल सरकारले बिभिन्न सुरक्षा मापदण्डहरु निर्धारण गरी त्यसको पूर्ण पालना गर्न गराउन सूचित

गरिरहेको परिप्रेक्षमा साधारण सभा सञ्चालन गर्दा बिशेष सुरक्षाको ब्यवस्था गर्नु पर्ने भएको छ । अतः यस विशेष परिस्थितिका कारणले साधारण सभा भौतिक उपस्थितिमा गर्दा नेपाल सरकारले तय गरेका सुरक्षा मापदण्ड कायम गरि सञ्चालन गर्नु पर्ने अवस्था रहेको र बिद्युतिय माध्यम (भर्चुअल - Google Meet/Online) बाट समेत सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा बिद्युतिय माध्यमबाट समेत साधारण सभामा भाग लिन सकिने हुँदा शेयरधनी महानुभावहरुमा सुरक्षा मापदण्ड कायम गरि भौतिक वा यथासम्भव विद्युतिय माध्यमबाट साधारण सभामा भाग लिई दिन अनुरोध गरिएको छ । बिद्युतिय माध्यमबाट भएको उपस्थितिलाई सभास्थलमा उपस्थित भए सरह मान्यता हुने व्यवस्था गरिएको हुँदा कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन यथा सम्भव अनलाईन (भर्चुअल - Google Meet/Online) बिद्युतिय माध्यमबाट उपस्थित भई सभा सञ्चालन गर्न सहयोग गरिदिनु हुन शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध छ । साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगावै देखि virtual meeting मा Join हुन सकिने गरी खुल्ला गरिनेछ ।

(२) साधारण सभामा विद्युतियमाध्यमबाट भाग लिन Meeting ID र Password को निमित्त कम्पनीको इमेल **sanjenhcl@gmail.com** मा समयमै इमेल मार्फत सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । साथै अन्तिम समयमा सम्पर्क गर्दा सेयरधनीहरुको पहिचान verification गरी ID र Password पठाउन प्राविधिक कठिनाई पर्न सक्ने भएकोले समयमा नै सम्पर्क गरी कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै शेयरधनीले उपलब्ध गराउनु भएको सोही email address मा वार्षिक साधारण सभाको प्रतिवेदन समेत पठाइने ब्यहोरा अनुरोध छ ।

(३) वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०७८/०९/०५ देखि मिति २०७८/९/१३ सम्म यस कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/९/०४ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

(४) विद्युतिय माध्यमबाट सभामा भाग लिन र आफनो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र sanjenhcl@gmail.com मा इमेल गरी वा कम्पनी सचिवलाई सम्पर्क गरी आफनो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नु हुने शेयरधनी महानुभावहरुलाई सभामा मन्तव्य राख्न Meeting Id र Password उपलब्ध गराइनेछ ।

(५) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

(६) संयूक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

(७) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । तर संगठित संस्थाले करार गर्न योग्य जुनसुकै व्यक्तिलाई प्रतिनिधी मुकरर गर्न सक्नेछ ।

(८) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौंमा Email मार्फत बुझाई सक्नुपर्नेछ ।

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO. LTD. ESTD. 2010

(९) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुन भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौंमा दिनुपर्नेछ । नयाँ प्रतिनिधिको हकमा दफा ७ र ८ बमोजिम हुनेछ ।

(१०) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ९ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

(१०) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

(११) विविध शीर्षक अन्तर्गत प्रस्ताव राख्न चाहने शेयरधनीले आफूले प्रस्ताव गर्न चाहेको बिषय बारे सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको महाराजगन्ज, काठमाण्डौ स्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

__द्रष्टव्य:__ वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.sjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

